२२८

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. १७७/२०७०/०७१

झापा जिल्ला बाहुनडाँगी गा.वि.स. वार्ड नं. १ बस्ने पूजन खड्का ............................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख एवं प्रशासकीय प्रमुख, नेपाल शिक्षक सेवा आयोग ..............................१ विपक्षी

विषय :- उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई पाउँ ।

उपर्युक्त पुनरावेदकले नेपाल शिक्षक सेवा आयोगले उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध नगराएकोले यस आयोगमा गरेको पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०७०।११।०५ तथा २०७०।१२।२६ मा समेत दुई पटक निज पुनरावेदकलाई माग गरे बमोजिम उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनू भनी उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरका परीक्षा नियन्त्रकलाई आदेश भएकोमा उक्त आदेश विरुद्ध निज परीक्षा नियन्त्रकको तर्फबाट यस आयोग समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०७१-wo-०२१६ को उत्प्रेषण रिट निवेदन दर्ता भई हालसम्म पनि विचाराधिन रहेकोले उक्त मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट फैसला भएपछि सोही बमोजिम जगाई कारवाही किनारा हुने नै हुँदा हाल प्रस्तुत पुनरावेदनलाई मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १२ नं. बमोजिम मुल्तवीमा राखिएको छ, प्रस्तुत पुनरावेदनको लगत मुल्तवीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल जेठ ६ गते रोज ४ शुभम् ।